नेपाल सरकार
# रक्षा मन्त्रालय

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरवार, काठमाडौं, नेपाल

नेपाल सरकार रक्षा मन्त्रालय सिंहदरबार

## प्रेस विज्ञप्ति

आज मिति २०८१ मंसिर ४ गते माननीय रक्षा मन्त्री श्री मानवीर राईको अध्यक्षतामा रक्षा मन्त्रालय, सिंहदरबारमा रक्षा मन्त्रालय, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय, नेपाली सेना र सो अन्तर्गत विभिन्न निकायबाट आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिमा सञ्चालित विकास आयोजना र कार्यक्रमहरूको प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो।

समीक्षा बैठकमा निर्देशन मन्तव्य राख्नुहुँदै माननीय मन्त्री श्री मानवीर राईले देशको रक्षा, प्रतिरक्षा तथा नागरिकहरूको सेवा नै रक्षा मन्त्रालयको प्रमुख जिम्मेवारी भएको हुँदा यी विषयलाई उच्च प्राथमिकतामा राखी काम गर्न नेपाली सेना लगायत सबैलाई निर्देशन दिनुभयो। उहाँले रक्षा मन्त्रालय र अन्तर्गतको नेपाली सेना देश र जनताको सुरक्षादेखि विकास निर्माण, विपद् व्यवस्थापन तथा अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा संलग्न रहेको र यी सबै क्षेत्रमा हाल भइरहेको कार्य सन्तोषजनक नै रहेको कुरा बताउनुभयो। उहाँले नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको राष्ट्रिय गौरवको काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना सबैको चासो र चिन्ताको विषय भएकोले यसको निर्माणलाई निर्धारित समयभित्रै गुणस्तरीय ढङ्गले सम्पन्न गर्न नेपाली सेनालाई निर्देशन दिनुभयो। साथै, खोकना क्षेत्रमा देखिएको समस्यालाई छिटै हल गर्न मन्त्रालयले सम्बन्धित निकायहरूसँग समन्वय गरिरहेको कुरा बताउनुभयो। उहाँले कोशी करिडोर, महाकाली करिडोर लगायतका नेपाली सेनाले जिम्मेवारी पाएको रणनीतिक महत्त्वका सडकहरूको निर्माण कार्यलाई निर्धारित समयभित्रै सम्पन्न गरी मुलुकको आर्थिक, सामाजिक विकासमा योगदान पुऱ्याउन सम्बन्धित आयोजना प्रमुखहरूलाई निर्देशन दिनुभयो। उहाँले आयोजना प्रमुखहरूलाई आफूले पाएको जिम्मेवारी आर्थिक अनुशासनभित्र रही निर्धारित समयभित्रै सम्पादन गर्न जोड दिँदै मन्त्रालयको काम कारवाहीहरूलाई आगामी दिनमा थप चुस्त र प्रभावकारी बनाउन सबै सक्रिय रहन आवश्यक भएको कुरा औंल्याउनुभयो।

समीक्षा बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा. डा. शिवराज अधिकारीले रक्षा मन्त्रालयको चालु आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिको प्रगति सन्तोषजनक रहेको कुरा राख्नुहुँदै नेपाली सेना अन्तर्गत निर्माण भइरहेका विकास निर्माण आयोजनाहरूमा के कति श्रमिकहरूले रोजगारी पाइरहेका छन् सो लगायतका विवरण पनि खुलाई प्रगति विवरण पेस गर्न सके यसबाट विभिन्न विकास निर्माण कार्यमा के कति आन्तरिक रोजगारी सिर्जना हुनसकेको छ सोको तथ्याङ्क राख्न सहयोग पुग्ने कुरा बताउनुभयो।

बैठकमा नेपाली सेनाका प्रधान सेनापति श्री अशोकराज सिग्देलले नेपाली सेनालाई जिम्मेवारी दिइएको काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना लगायतका कार्य समयमै सम्पन्न गर्न नेपाली सेना कटिबद्ध रहेको कुरा बताउनुभयो। उहाँले गत असोज महिनामा आएको बाढी पहिरोले कतिपय विकास निर्माण आयोजनाका कार्यहरूमा लक्ष्यानुसार प्रगति हासिल गर्न केही व्यवधान सिर्जना भए तापनि चालु आ.व.को बाँकी अवधिमा लक्ष्य अनुसार प्रगति हासिल हुने गरी कार्य सम्पादन गर्न नेपाली सेना क्रियाशील रहेको व्यहोरा उल्लेख गर्नुभयो। उहाँले द्रुतमार्ग निर्माणमा देखिएका कतिपय समस्याहरूलाई छुट्टै छलफल गरी निकास निकाल्न आवश्यक रहेको विषय पनि औंल्याउनुभयो।

नेपाल सरकार
# रक्षा मन्त्रालय

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरबार, काठमाडौं, नेपाल

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव श्री केशव कुमार शर्माले चालु आ.व.मा नेपाली सेनालाई निर्माणको जिम्मेवारी दिइएका सडक आयोजनाहरूमध्ये कोशी करिडोरको काम यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी काम भइरहेको र महाकाली करिडोरमा नेपाली सेनाको क्षमताको पूर्ण उपयोग हुनेगरी आगामी दिनमा बजेट विनियोजन गर्न खाँचो रहेको कुरा औंल्याउनुभयो। काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनालाई २०८३ चैत्रमसान्तभित्र सम्पन्न गर्न सबैको सहयोग आवश्यक रहेको तथा यस आयोजनालाई चालु आर्थिक वर्षमा विनियोजित बजेट पूर्ण सदुपयोग हुनेगरी कार्य अघि बढाउन आवश्यक भएको कुरा उहाँले बताउनुभयो।

रक्षा मन्त्रालयका सचिव श्री रामेश्वर दंगालले रक्षा मन्त्रालय र नेपाली सेना अन्तर्गत सञ्चालित अधिकांश कार्यक्रम तथा विकास आयोजनाहरूको चालु आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिको प्रगति सन्तोषजनक रहेको बताउँदै महाकाली करिडोर लगायतका सडक आयोजनामा नेपाली सेनाबाट खटिने जनशक्ति र उपकरणको पूर्ण उपयोग हुनेगरी आगामी दिनमा बजेट विनियोजन हुनसके अहिलेभन्दा बढी प्रगति देखिने गरी काम गर्नसकिने कुरा व्यक्त गर्नुभयो। उहाँले काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना अन्तर्गत मौरीभीर खण्डमा सडकको सट्टा सुरुङ्मार्ग निर्माण गर्नेगरी आयोजनाको परियोजना प्रतिवेदन संशोधन गर्ने सम्बन्धमा नेपाल सरकारबाट स्वीकृति प्राप्त भै सकेकोले अब संशोधित परियोजना प्रतिवेदनअनुसार निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ अघि बढाउन आयोजनाले जोड दिनुपर्ने कुरा व्यक्त गर्नुभयो। द्रुतमार्गको सुरु बिन्दु खोकना क्षेत्रको जग्गा अधिग्रहण र मुआब्जा वितरणसम्बन्धी समस्यालाई यथाशीघ्र सम्बन्धित सबैको सहयोगमा टुङ्ग्याउन मन्त्रालयको तर्फबाट आवश्यक पहल भइरहेको कुरा उहाँले समीक्षा बैठकमा राख्नुभयो।

कार्यक्रममा अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय, राष्ट्रिय योजना आयोगका प्रतिनिधिहरूका साथै नेपाली सेना अन्तर्गत विभिन्न विकास आयोजना तथा विभागीय प्रमुखहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा रक्षा मन्त्रालयका सहसचिव श्री ज्ञानप्रसाद ढकालले मन्त्रालय, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय र नेपाली सेना अन्तर्गत आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रैमासिक अवधिमा सञ्चालित विभिन्न विकास आयोजना तथा कार्यक्रममा भएको खर्च, हासिल भएको भौतिक तथा वित्तीय प्रगति, आयोजना कार्यान्वयनमा देखिएका समस्या लगायतका विषयमा प्रस्तुतीकरण राख्नुभएको थियो। कार्यक्रमको सञ्चालन रक्षा मन्त्रालयको योजना तथा सैनिक कल्याण शाखाका उपसचिव श्री अनुप के.सी.ले गर्नुभएको थियो।

समीक्षा अवधिमा नेपाली सेनालाई जिम्मेवारी प्राप्त चारवटा सडक कोरिडरमध्ये तीनवटाको प्रगति प्रथम त्रैमासिक लक्ष्यको तुलनामा शत प्रतिशत रहेको र काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनामा यस अवधिमा थप १.०४ प्रतिशत थप भौतिक प्रगति भई हालसम्मको समष्टिगत भौतिक प्रगति ३६.४२ प्रतिशत पुगेको जानकारी गराइएको थियो।

२०८१ मंसिर ४

(मनोजकुमार आचार्य)
सहसचिव एवं प्रवक्ता